जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि प्रवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू



www.jaleshwortoday.com

जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष १० • अंक ३४८ • २०८० असोज २० गते शनिवार • 7 Oct. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## एकलौटी निर्णय गर्दै शिक्षा तथा समाज कल्याण मन्त्रालय फुटायो: जनमत




**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १९ असोज**

मधेश सरकारका मुख्यमन्त्री सरोज कुमार यादवले एकल निर्णय गर्दै मन्त्रालय फुटाएको छ।जनमत पार्टीको भागमा परेको शिक्षा तथा समाज कल्याण मन्त्रालयलाई मुख्यमन्त्री यादवले एकल निर्णय गर्दै फुटाउने कार्य गरेको छ।

शिक्षा तथा समाज कल्याण मन्त्रालयलाई फुटाएर खेलकुद तथा समाज कल्याण मन्त्रालय बनाएको छ।भने,अर्को शिक्षा तथा सांस्कृतिक मन्त्रालय नाम दिएको छ। जसबाट मधेस प्रदेशको मुख्यमन्त्री कार्यालयमा जिम्मेवारीविहीन अवस्थामा रहेकी जसपाकी विना विभागीय मन्त्री सुरिताकुमारी साहलाई खेलकुद तथा समाज कल्याण मन्त्रालयको जिम्मेवारी दिइएको छ। बुधबार मुख्यमन्त्री यादवले एकलौटी निर्णय गर्दै उनलाई जिम्मेवारी तोकेको प्रदेश प्रमुखको कार्यालयका पत्र पठाएको स्रोत दावी गरेका छ।

मन्त्रिपरिषद् कार्यलयले सिफारिस गरे पनि अधिकारीक जिम्मेवारी भने प्राप्त नभएको प्रदेश प्रमुखको निमित्त सचिव शत्रुधन यादवले जानकारी दिएका छन्। उनले भने, 'प्रदेश प्रमुख काम विशेषले विराटनगर जानुभएको छ। उहाँ भोलि साँझसम्म आउनुहुन्छ अनि विज्ञप्ति निकालेपछि अधिकारीक रूपमा उहाँले पदभार ग्रहण गर्नुहुनेछ।'मन्त्री साहले शपथ ग्रहण गरिसकेको हुनाले प्रदेश प्रमुखले विज्ञप्ति निकालेपछि उनले एकैचोटी पदभार ग्रहण गर्ने निमित्त सचिव यादवले जानकारी दिए। यस्तै

*बांकी पृष्ठ २ मा।*

## मेयरको आलोचना गरेको आरोपमा एक युवकलाई प्रहरीले पक्राउ गर्दा चौतर्फी विरोध



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १९ असोज**

सामाजिक संजालमा जलेश्वरका मेयरको आलोचना गरेको आरोपमा एक युवकलाई प्रहरीले पक्राउ गरेको छ। महोत्तरीको जलेश्वर नगरपालिका ३ का ४० वर्षीय बद्रीनाथ झालाई प्रहरीले बिहीबार पक्राउ गरेको हो।

आफ्नोविरुद्धमा समाजिक संजालमा लेखेको भन्दै जलेश्वरका मेयर सुरेश साह सोनारले दिएको जाहेरीको आधारमा झालाई पक्राउ गरेको महोत्तरीका प्रहरी प्रवक्ता डिएसपी दिलीप कुमार गिरीले जानकारी दिए। उनका अनुसार पक्राउ परेका झामाथि साईबर अपराध कसुर मुद्दा चलाइएको छ। बिहीबार उनलाई महोत्तरी जिल्ला अदालतबाट हिरासतमा राख्ने पाँच दिनको म्याद थप गरेर अनुसन्धान गरिरहेको महोत्तरी प्रहरीले जनाएको छ। पक्राउ परेका झा समाजिक संञ्जालमा स्थानीय

*बांकी पृष्ठ २ मा।*

## क्षीरेश्वरनाथ न.पा.मा अनिश्चितकालीन पेन डाउन



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १९ असोज**

क्षीरेश्वरनाथ नगरपालिकामा स्थानीय तह संघर्ष समिति गठन गर्दै शुक्रबार देखि अत्यावश्यक वाहेकका सेवा प्रवाह नगर्ने गरी अनिश्चितकालीन पेन डाउन गर्ने घोषणा गरेका छन्। केन्द्रिय सर्कुलर अनुसार क्षीरेश्वरनाथ नगरापालिका सहित देश भरका नगरपालिकामा रहेका कर्मचारीले प्रमुख प्रशासकीय अधिकृतलाई ज्ञापनपत्र मार्फत मागहरुका बिषयमा प्रष्ट पार्दै चरणबद्ध आन्दोलनलाई बेवास्ता गरिएकाले पेन डाउनको घोषणा गरिएको बताएका छन्।

क्षीरेश्वरनाथ नगरपालिकामा गठन गरिएको संघर्ष समितिका अध्यक्ष विष्णुदेव यादवले जारी हुने चरणमा रहेको निजामती सेवा ऐन सबै तहका कर्मचारीलाई समान अधिकार र अवसर दिने खालको हुनुपर्ने बताउँदै देशैभरी आन्दोलनको घोषणा अनुसार पालिकामा समेत विभिन्न चरणको आन्दोलन भएको बताए।

गठन गरिएको संघर्ष समितिकाको उपाध्यक्षमा दिपक कार्की, कोषाध्यक्षमा सरोज रजक, सचिव सोमिन्द्र झा र सदस्यहरुमा अजयकुमार यादव, प्रदीप अधिकारी, बिन्दा शर्मा, इन्द्रेश यादव, हेमा सिंह, सुशील कुमार यादव, विशेश्वर राय दनुवार, राम साह र ममता यादव रहेका छन्। समितिको सल्लाहकारमा रामबहादुर यादव, प्रमोद घिमिरे र नागेश्वर यादव रहेका छन्। निजामती सेवा ऐनमा आफ्ना मागहरू सम्बोधन गर्न माग गर्दै विहिवार नै पालिकाका प्रमुख प्रशासकीय अधिकृते शिवेन्द्र

*बांकी पृष्ठ २ मा।*

## पति र ससुरा उच्च अदालत जनकपुरको आदेशमा रिहा



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १९ असोज**

जनकपुरधामकी आरती साह मृत्यु प्रकरणमा पुर्पक्षका लागि थुनामा रहेका पति र ससुरा उच्च अदालत जनकपुरको आदेशमा रिहा भएका छन् । उच्च अदालत जनकपुरको आदेशमा पति मोतिबाबु साह र ससुरा मदन मोहन ब्याहुत सुडी साधारण तारेखमा रिहा भएका हुन्। मुख्य न्यायाधीश शारदा सुवेदी र किरणकुमार पोखरेलको संयुक्त इजलासले पति र ससुरालाई साधारण तारेखमा छोड्ने आदेश दिएको अदालतका श्रेस्तेदार खडगराज अधिकारीले जानकारी दिए।

गत जेठ ७ गते आफ्नै घर जनकपुरधाम उपमहानगरपालिका ९ थापाचोकमा मृत अवस्थामा फेला परेकी आरतीको हत्या भएको भन्दै माइती पक्षले जाहेरी दिएपछि प्रहरीले आरतीको पति मोतीबाबु साह र ससुरा

*बांकी पृष्ठ २ मा।*




स्वास्थ्य कार्यालय जलेश्वर, महोत्तरी

## सूचना !

- समयमा कर तिरी पालिकाको विकास निर्माणमा सहभागी बनौं। समयमा कर तिरौं, जरिवानाबाट बचौं।
- सबैको व्यक्तिगत घटना दर्ता अनलाईन गरौं, गराऔं।
- खुल्ला रुपमा दिशा-पिसाव नगरौं, सभ्य बनौं, सफा रहौं। सदैव चर्पीको प्रयोग गरौं।
- गर्भवती महिलाले नियमित गर्भ परिक्षण गरौं, गराऔं। व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।
- खानेपानी उमालेर मात्र प्रयोग गरौं।
- व्यवसायिक कृषी उत्पादन गरौं, आत्मनिर्भर बनौं।
- आफ्ना घर अगाडी सडकमा फोहर नफालौं, न फाल्न दिऔं।
- घरपालुवा पशुपंक्षीहरु सडकमा छाडा नछोडौं।
- व्यापार व्यवसाय पालिकामा दर्ता गराएर मात्र संचालन गरौं, गराऔं।

जलेश्वर नगरपालिकाको कार्यालय,महोत्तरी

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today Daily


जलेश्वरनाथ महादेव 'महालिङ्ग'

# —: आमा :—

**कुन्ता शर्मा**

कवि ! सजिलो हुन्छ आमाको प्रशंसामा कविता लेख्न
उत्कृष्ट शब्द संयोजन गर्न भावविह्वलताको प्रदर्शन गर्न
हो साँच्चै नै सजिलो हुन्छ आमाको महानताको कविता लेख्न ।

आमाका चाउरी परेका गालाहरू आमाका धूमिल हुँदै गएका आँखाहरू
आमाका श्रवणशक्ति हराउँदै गएका कानहरू
आमाको सन्तुलन गुमाउँदै गएको शरीर
अनि स्मरणशक्ति हराउँदै गएको मस्तिष्क
त्यतिबेला साँच्चै नै गाह्रो हुन्छ अति नै असहज हुन्छ
कवि ! स्नेहपूर्वक छेउमा राख्न आमालाई ।

आमाको गर्भावस्थाको सकस आमाको कठिन प्रसववेदना
आमाले आँखा चिम्म गर्न नपाएको रात
आमाले थकाइ मार्न नपाएको दिन
अहिले कल्पनामा पनि नआउन सक्छ तिमीलाई
अनि टाढै राख्न खोज्छौ तिमी जर्जर भएकी असक्त आमालाई ।

चाउरीले पुरिएका आमाका गालाहरू अस्थिपञ्जर भएको शरीर
यौवनका मधुर आकाङ्क्षाहरू सबैसबै नै पोखिए तिमीमाथि
नियास्रो, फुस्रो अनि एक्लो जीवनका कष्टकर क्षणहरू बिर्सँदै
छोराको कोमल र मृदु मुस्कानमा कसरी जीवन उत्सर्ग गरिन् आमाले
आफ्नो लावण्ययुक्त यौवन कसैको न्यानो अँगालोमा रमाउने चाहना
हजारौं इन्द्रधनुषी सपनाहरू कसरी तिलाञ्जली दिइन् आमाले ।

फर्केर आउँदैन बितेको समय नदीमा बग्दै गएको छालजस्तो
आमाले आफ्नै बारेमा सोचेको भए आफ्नै सुखमा मात्र रमाएको भए
के हुने थियौ होला आज तिमी ? लुटाहा, फटाहा या हत्यारा
हली, गोठालो या चाकर आफ्नो जीवन उजाडेर सारीको सप्कोभित्र
तिमीलाई नअटाएको भए छोराछेउ बग्दै आउने आँधीबेहरीहरूबाट
पहाडजस्तो उभिएर नजोगाएको भए के हुने थियौ आज तिमी ?

त्यसैले कवि ! सुन्दर शब्दहरूको संयोजन गर
वाक्यवाक्यमा भावुकता भर रसाऊन् पाठक र श्रोताका आँखाहरू
बढून् मुटुका स्पन्दनहरू सजिलो बाटो चुन कवि ! साँच्चै नै गाह्रो हुन्छ
वृद्धा आमालाई स्नेहको छहारी दिन बरु एकदमै सजिलो हुन्छ
आमाको महानतामा लच्छेदार कविता लेख्न ।

कवि ! मृत्यु भएपछि आमाको सजिलो हुन्छ मूर्ति बनाउन
बिहानैपिच्छे फूल चढाउन, धूप बाल्न
आमाको नाममा सानो-सानो पुरस्कार स्थापना गर्न
श्राद्ध गर्न अनि गतिला-गतिला पिण्ड बटार्न
काजक्रियामा खर्च गर्न दान गर्न, भागवत पढाउन
सजिलो हुन्छ सबै कुरा गर्न तर निकै गाह्रो हुन्छ
असक्त आमालाई आफ्नो सामीप्य दिन आमाका सुखदुखका दुईचार कुरा सुन्न
आमाको जर्जर शरीरलाई सुम्सुम्याउन आमाका गालाहरूमा स्नेहको चुम्बन गर्न
आमाका थोते गिजाहरूमा हाँसो छर्न कवि ! बरु साँच्चै सजिलो हुन्छ
आमाको महानता बखानेर कविता लेख्न ।

# करिब २ हजार व्यक्ति नेकपा (एकीकृत समाजवादी) मा प्रवेश

**जलेश्वरटुडे समाचारदाता**
**बारा, १९ असोज**

मेची- महाकाली समाजवादी जागरण अभियान अन्तर्गत बारा निर्वाचन क्षेत्र नं ४ मा विभिन्न पार्टीमा आबद्ध रहेका करिब २ हजार व्यक्ति नेकपा ( एकीकृत समाजवादी) मा प्रवेश गरेका छन्। बिहीबार र शुक्रवार आयोजना भएको छुट्टाछुट्टै कार्यक्रममा बारा-४ बाट विभिन्न पार्टीमा आबद्ध भएका करिब २ हजार नेता तथा कार्यकर्ताहरु नेकपा एसमा प्रवेश गरेको पार्टी केन्द्रीय प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जनाए।

बारा-४ का संघीय संसाद किसान श्रेष्ठको पहलमा आयोजना भएको कार्यक्रममा जीतपुर सिमरा-७ मा पार्टी प्रवेश कार्यक्रम आयोजना गरिएको थियो। जसमा बारा ४ (क) प्रदेश सभा सदस्य उम्मेदवार सन्तोष कुशवाहको नेतृत्वमा जीतपुर सिमरा वडा नं ८ का निवर्तमान वडाध्यक्ष रामबाबु पटेल, समाजसेवी आशा दाहाल पार्टी प्रवेश गरेका थिए। त्यस्तै, वडा नं २१ अम्लेखगञ्जमा मानबहादुर विकको नेतृत्वमा पार्टी प्रवेश कार्यक्रम भएको थियो। पार्टी प्रवेश कार्यक्रममा एमाले, लोकतान्त्रिक समाजवादी पार्टी र नेपाली कांग्रेसका नेता तथा कार्यकर्ता बढी छन्। सो अवसरमा सांसद किसान श्रेष्ठले अगामी ४ वर्षपछि हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा पार्टीले एक्लैले चुनाव जित्ने गरी जनताको विकासको काम गर्ने बताए। उनले पार्टी प्रवेश गर्ने सबैलाई ससम्मान संगठित रुपमा पार्टी कमिटिभित्र समेटेर लैजाने बताए। कार्यक्रममा नेकपा एसकी केन्द्रीय सचिव रामकुमारी झाँक्रीले पार्टी प्रवेश गरेका युवाहरुलाई रोजगारी र सीपसँग जोड्न सके मात्रै पार्टी बलियो हुँदै जाने बताइन्। पार्टी प्रवेश कार्यक्रममा पूर्व प्रधानमन्त्री तथा नेकपा एसका केन्द्रीय अध्यक्ष माधवकुमार नेपाल, पूर्व प्रधानमन्त्री तथा पार्टीका सम्मानित नेता झलनाथ खनाल, उपाध्यक्ष राजेन्द्र पाण्डे, धर्मनाथ साह, जयन्ती राई, घनश्याम भुषाल, उपमहासचिव विजय पौडेल, सचिव नागेन्द्र चौधरी लगायतको उपस्थिति थियो।

## एकलौटी निर्णय गर्दै.............

शिक्षा तथा समाज कल्याण मन्त्रालयको जिम्मेवारी सम्हालिरहेका मन्त्री महेशप्रसाद यादवलाई शिक्षा तथा संस्कृति मन्त्रालयको जिम्मेवारी दिइएको छ। मन्त्रालय फुटाएर उनलाई सो जिम्मेवारी दिइएको हो। सचिव यादवले भने,- 'हिजै विज्ञप्ति जारी भइसक्थ्यो तर सिफारिस पत्र ढिलो गरी आएपछि विज्ञप्ति प्रकाशन भएन।' जनमत पार्टी मधेस प्रदेश दलका नेता समेत रहेका मन्त्री यादवले भने कुनै छलफल नै नगरी मन्त्रालय फोडिएकोप्रति आपत्ति जनाएका छन्। उनले भने- 'मुख्यमन्त्री कार्यालयबाट मन्त्रालय फोड्न प्रदेश प्रमुखको कार्यालयमा सिफारिस गइसकेको छ। तर, प्रमाणीकरण अहिलेसम्म भएको छैन। मन्त्रिपरिषद्बाट समेत निर्णय भएको छैन। मुख्यमन्त्री सरोज कुमार यादवले एकल निर्णय गरेर मन्त्रालय फुटाउने खेल गरेको छ। न त कसैलाई जानकारी दिएको छ। नत गठबन्धनमा आबद्ध भएको दलहरूसंग कुनै छलफल गरेको मन्त्री यादवले भने। मन्त्री यादवले अब मन्त्रालय न बढाउने र न फुटाउने पटकपटक मुख्यमन्त्री यादवले आफै मुखबाट बोल्दैं आइरहेको सबैलाई अवगत नै छ। तर, पावरको दुरुपयोग गर्दै मन्त्रालय फुटाउने एकल निर्णयको हामी स्वीकार गर्दैनन्, छलफलमा ल्याउनुपर्छ। छलफल नगरिकन मन्त्रालय फुटाउने जुन खेलमा मुख्यमन्त्री लागेको यो जनताको मतको अपमान गरेको हो। यदि त्यो सिफारिस प्रमाणीकरण भयो भने सरकार छोड्ने सम्मको निर्णय गर्न बाध्य हुन्छौं।' प्रदेश प्रमुखले भोली मन्त्रालय फोड्ने सिफारिस प्रमाणीकरण गरे मधेस प्रदेशमा मन्त्रालयको संख्या १३ पुग्नेछ।

## मेयरको आलोचना गरेको........

स्तरमा हुने भ्रष्टाचार, विकृति व्यतिथिको उजागर गर्ने गर्छन्। उनले मेयर को आलोचना गरेको आरोपमा उनलाई पक्राउ गरेपछि चौतर्फी विरोध भइरहेको छ। उनको रिहाइको लागि युवाहरुले मांग गरिरहेका छन्।

## क्षीरेश्वरनाथ न.पा.मा............

मण्डललाई ज्ञापनपत्र बुझाएका कर्मचारीले अत्यावसेक सेवाहरु बोहकको काम गर्न बाध्य नहुने बताएका थिए। नेपाल सरकारले ऐनमै कर्मचारीलाई भेदभाव गरेमा मनोबलमा असर पर्ने भन्दै शुक्रबार प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्री लाई ध्यानाकर्षण पत्र पठाउनुका साथै कालोपट्टी बाँधेर समेत काम गरेका छन्। जनताको सबैभन्दा नजिक रहेर सेवा प्रवाह गर्ने कर्मचारीलाई निजामतीको परिभाषामा नसमेटेर गम्भीर भुल भएको भन्दै माग पुरा नभए थप कडा संघर्षमा उत्रिने कर्मचारीको भनाई छ।

## पति र ससुरा उच्च.............

मदन मोहन ब्याहुत सुडीलाई पक्राउ गरी अनुसन्धान गरेको थियो। दुबैजनामाथि असार १ गते जिल्ला अदालत धनुषामा कर्तव्यज्यान मुद्दा सरकारी वकिलको कार्यालयले दर्ता गराएको थियो। त्यही मुद्दामा असार ५ गते जिल्ला अदालत धनुषाले पति र ससुरालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो। मृतक आरतीकी बुबाले विनोद साहले दिएको जाहेरीमा पति मोतिबाबु र ससुरा मदन मोहनले कर्तव्यज्यान गरेको भन्ने कुरामा आधार प्रमाण नदेखिएको उच्च अदालतको ठहर छ। अदालत समक्ष पति र ससुराले आरोप इन्कार गरेको आदेशमा उल्लेख छ। उच्च अदालतले धनुषा जिल्ला अदालतबाट भएको आदेश बदर गरेको छ।

विगत केही दिनदेखी समुदायमा व्यापक रुपमा आँखा पाक्ने रोग फैलिइरहेकोले उक्त रोगबाट बच्न र बचाउनका लागि निम्न उपायहरु अपनाउन हुन सम्बन्धित सबैमा अनुरोध छ।

**आँखा पाक्ने रोगका प्रमुख लक्षणहरू :**

- एक्कासी एउटा अथवा दुवै आँखा रातो हुने ।
- आँखा धेरै चिलाउने ।
- आँखामा कचेरा लाग्ने तथा टाँसिने ।
- आँखाबाट आँसु बगिरहने ।
- आँखा सुन्निने, दुख्ने/बिझाउने ।



**आँखा पाक्ने रोगबाट बच्ने उपायहरू :**

- जथाभावी रुपमा आँखा नछुने/आँखा छुनुभन्दा पहिले राम्ररी साबुन पानीले हात सफा गर्ने ।
- सफा पानीले आँखा सफा गर्ने ।
- अरुले प्रयोग गरेका तौलिया/रुमाल प्रयोग नगर्ने ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

**आखा पाक्ने रोग लागिहालेमा के गर्ने :**

- पटक-पटक सफा चिसो पानीले आँखा सफा गर्ने ।
- आँखा छोइसकेपछी हरेक पटक साबुन पानीले हात सफा गर्ने ।
- आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टाछुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा छुन नदिने ।
- कालो चस्माको प्रयोग गर्ने ।
- आफुले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने ।
- जथाभावी रुपमा आँखामा औषधिको प्रयोग नगर्ने ।

सामान्यतया यो रोग १ हप्ताभित्र आफै निको भएर जान्छ तर समस्या बढ्दै गएमा तुरुन्त स्वास्थ्य संस्थाहरुमा गई स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्दछ ।

**रामनगर गाउँपालिकाको कार्यालय, सर्लाही**

## तपाईको टुडे

**मेष:** खानपानमा समस्या आउने
**वृष:** अशुभ समाचार प्राप्त हुने
**मिथून:** मनमा पछुतो आउने
**कर्कट:** पिछडेको साथी मिल्ने
**सिंह:** मित्रतामा फाटो आउने
**कन्या:** शुभ कार्यको शुरुवात
**तुला:** विचार गरेर बोल्नुहोला
**वृश्चिक:** लामो यात्राको योग छ
**धनु:** आम्दानी हुने
**मकर:** अनावश्यक चिन्ता
**कूम्भ:** अनावश्यक खर्चको संभावना
**मीन:** पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# जेलमा रहेकी इरानी मानव अधिकार कार्यकर्ता नरगिसलाई यस वर्षको नोबेल शान्ति पुरस्कार

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १९ असोज**



यस वर्षको नोबेल शान्ति पुरस्कार जेलमा रहेकी इरानी मानव अधिकार कार्यकर्ता नरगिस मोहम्मदीलाई दिने निर्णय भएको छ । ५१ वर्षीय नरगिस मानव अधिकारको क्षेत्रमा काम गरेकै कारण सन् २०११ यता कयौँ पटक जेलमा परेकी छन् ।

उनलाई इरानी महिलाको हक, मानव अधिकारको रक्षाका लागि निर्वाह गरेको भूमिकाका कारण नोबेल शान्ति पुरस्कार दिने निर्णय भएको हो । नोबेल पुरस्कार विजेता चयन गर्ने कमिटीका अनुसार नरगिस मोहम्मदीले इरानमा महिलामाथि हुने दमनविरुद्ध संघर्ष गर्दै आएकी छन् । उनले देशमा सबैको मानव अधिकार र स्वतन्त्रताका लागि संघर्ष गर्दै आएको बताइन्छ । ओस्लोमा नर्वेजियन नोबेल कमिटीका प्रमुख बेरिट रिस-एन्डर्सनले जनाए अनुसार इरान सरकारले नरगिसलाई १३ पटक गिरफ्तार गरिसकेको छ । पाँच पटक उनलाई विभिन्न कसुरमा दोषी ठहर गरिएको छ भने ३१ वर्षको जेल सजाय सुनाइएको छ । उनी अहिले पनि जेलमै छिन् ।

# गरिमा विकास बैंकले थाल्यो क्रेडिट कार्डमा किस्ताबन्दीको शुरुआत

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १९ असोज**




गरिमा विकास बैंकले विकास बैंकहरुमा नै पहिलो पटक क्रेडिट कार्डमा ईएमआई सेवा अर्थात् किस्ताबन्दीको शुरुआत गरेको छ ।यस अन्तर्गत बैंकले सम्झौता गरेको बिक्रेताहरुसँग सामान खरिद गरी गरिमा विकास बैंकको क्रेडिट कार्डबाट भुक्तानी गर्दा सबै खरिद रकम एकै पटक नभई शून्य प्रतिशत ब्याजदरमा मासिक किस्ताको रुपमा तिर्न सकिने बैंकले जनाएको छ।

साथै यदि ग्राहक आफैँले पनि अरु कतैबाट सामान खरिद गरी गरिमा विकास बैंकमा भ्याट बिल पेश गरी यो सुविधा लिन चाहेमा पनि सजिलै लिन सकिने भएको छ । बडा दशैँ तथा तिहारमा सामान खरिद गर्न मन हुने तर तुरुन्तै सबै रकम भुक्तानी गर्न असहज हुने ग्राहकले यो सुविधामार्फत लाभ उठाउन सक्नेछन् । बैंकले सबै नेपालीको पहुँचमा क्रेडिट कार्ड पहुँच पुग्नेछ र यसले देशको समस्त आर्थिक प्रणाली चलायमान रहने छ भन्ने विश्वास राखेको जनाएको छ । गरिमाका अनुसार बैंकले देशभर १२२ शाखा कार्यालय तथा ५० एटीएम एवं विभिन्न डिजिटल बैकिङमार्फत सरल, सुरक्षित र गुणस्तरीय बैकिङ सेवा प्रवाह गर्दै आइरहेको छ।





## कामनी ब्यूटी पार्लर

यहाँ ब्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै ब्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी


# अनमोलको 'फर्की फर्की'मा भित्रिए समृद्धि र रवि




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १९ असोज**

अभिनेता अनमोल केसी र अभिनेत्री जसिता गुरुङको मुख्य भूमिका रहेको फिल्म 'फर्की फर्की'को मुख्य कलाकारको रूपमा समृद्धि अर्याल र रवि काफ्ले भित्रिएका छन् । निर्माण युनिटले अडिसन मार्फत यी कलाकार छनौट गरेको हो। समृद्धि र रवि भित्रिएसँगै फिल्मको कलाकार लाइनअप पुरा भएको निर्माता रोहित अधिकारीले बताए । सुयोग गुरुङको निर्देशन रहेन फिल्म रोहित अधिकारी र ओम प्रकाश अग्रवालको लगानीमा बन्न लागेको हो।

सुयोगकै कथा तथा पटकथा रहेको यो फिल्ममा मनोज ओली र रामु न्यौपाने सह-निर्माता रहेका छन् । फिल्मको छायाङ्कन तिहारको लक्ष्मीपूजा (कार्तितक २६) बाट सुरु हुँदै छ।

नरेन्द्र मैनालीको छायाङ्कन रहने फिल्ममा रोमन बज्राचार्य, नरेन लिम्बु र अनमोल गुरुङको संगीत रहनेछ। एमएसएम इन्टरटेनमेन्टले बिदेश बितर गर्ने फिल्मको काफिया फिल्मस्ले उपत्यका र कुबेर फिल्मस्ले उपत्यका बाहिर वितरण गर्नेछ।

# पाकिस्तानलाई नेदरल्याण्ड्सविरुद्ध उच्च योगफल जोड्ने मौका

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १९ असोज**



भारतमा जारी विश्वकप एक दिवसीय क्रिकेटको दोस्रो दिन अहिले पाकिस्तान र नेदरल्याण्ड्स खेलिरहेका छन् । हैदराबादको राजीव गान्धी इन्टरनेशनल स्टेडियममा भइरहेको खेलमा नेदरल्याण्ड्सले टस जितेर पहिले फिल्डिङ गरिरहेको छ ।

टस हारेर ब्याटिङ थालेको पाकिस्तानलाई विश्वकपको उच्च योगफल बनाउने अवसर रहेको छ । नेदरल्याण्ड्स पाकिस्तानका लागि यो विश्वकपको सबैभन्दा सजिलो टिम हो। पाकिस्तानले अहिलेसम्म विश्वकपमा ६ खेल नेदरल्याण्ड्स विरुद्ध खेलेको छ । जसमा सबै खेल पाकिस्तानले जितेको छ। यो खेलमा कप्तान बाबर आजमको नेतृत्व सफल हुने पाकिस्तानको विश्वास छ । उनले सन् २०२३ मा १६ खेलमा ७४५ रन बनाएका छन् । मोहम्मद रिजवानले १६ खेलमा ६२८ रन बनाएका छन् । त्यस्तै फखर जमानले १६ खेलमा ६४४ रन बनाएका छन् ।

शादाब खानले अलराउन्ड प्रदर्शन गर्ने क्रममा ११ खेलमा १३८ रन बनाउनुका साथै १३ विकेट लिएका छन् । नदरल्याण्ड्सका स्कट एडवर्डसले १३ खेलमा ४३८ रन बनाएका छन् । त्यस्तै बास डी लिडले अलराउन्ड खेल्ने क्रममा ७ खेलमा १५ विकेट लिनुका साथै २८५ रन बनाएका छन्। कलर एकरम्यानले ३ खेलमा २ विकेट लिँदै ११५ रन बनाएका छन् । यसबाहेक पाकिस्तानका लागि शाहिन शाह अफ्रिदी चम्कन सक्छन् । उनले एसिया कपमा ५ खेलमा १० विकेट लिएका थिए ।




# तर कोही किन शिक्षक बनोस ?

दुई दिनको शिक्षक हडतालको पटाक्षेपपछि सबैतिर यसको फाइदा के भयो भन्ने छलफल भइरहेको होला । न्युयोर्क पुगेर राष्ट्र संघमा प्रधानमन्त्री पुष्पकमल दाहालले अति कम विकसित देशका तर्फबाट बोल्दा महासभाबाहिर बरु खास केही सुनिएन । **तर कोही किन शिक्षक बनोस ?** एलजीबीटीक्यूको प्राइड परेडपछि सायद नेपाल फेरि विश्व समाचारमा आएको छ । दुईचार दिन विद्यालय बन्द हुँदा सिकाइ कति कम भयो, त्यसको आकलन गाह्रो छ तर शिक्षकहरूको सरगर्मीले अर्थतन्त्र खास गरी काठमाडौंको अर्थतन्त्र भने निकै चलायमान भयो । पाठ्यपुस्तक कम पढाइए पनि सिकाइ भएन भन्न सकिन्न पनि । पछिका दिन उपलब्धिपूर्ण रहे भने विद्यार्थीको सिकाइको क्षतिपूर्ति भइहाल्छ ।

फुटकर पूर्णविराम वा अल्पविराम सच्याउने खालका बाहेक खास हात लागेको देखिएन कि ? यो हडतालले झन्डै शिक्षक वर्गलाई संघीयता र गणतन्त्रविरोधी प्रतिगामीको मतियारका तहसम्ममा पुऱ्यायो । दलहरूभित्र उहाँहरूले आफ्नो मोलतोल निकै गुमाउने स्थिति देखिन्छ र सम्भवतः उहाँहरू दलहरूका भोटका बिचौलिया रहेर आफ्नो शक्ति कायम रहिरहने स्थिति कम रहला । उहाँहरू जति विद्यानाथ कोइरालाका शब्दमा ‘दलकर्मी’ बाट ‘शिक्षाकर्मी’ हुनुभयो, त्यति नै शक्ति र साख बढ्नेछ भन्ने सिकाइको प्रस्थानविन्दु हुन सक्छ, यो हडताल ! उहाँहरूको सम्मान, श्रेणी, बढुवा आदिमा जति लगाव देखिन्छ, यो हडतालले त्यस्तो सम्मान बढाएको पनि अनुभूति रहेन । स्पष्ट के देखिन्छ भने, उहाँहरूले सरकारी कर्मचारीले गर्ने व्यवहारको सानो वृत्तभित्रै आफ्नो प्रतिष्ठा गुम्स्याउनुभएको छ । सम्मान दिन सारा समाज, विद्यार्थी, अभिभावक लालायित छन् । कलाकर्मीका कुरा गरौं, उनीहरू मर्यादाक्रममा कहाँ छन् ? समाजमा उनीहरूको नाम, दाम प्रशस्तै छ, हैन र ? अनि भनौं, जजमानी गर्ने लुरे या भुँडे पण्डितजीको ? मर्यादा सर्वव्यापक त छैन नै । समस्या आफूलाई सधैं श्रेणीमै राख्न खोजेर हो । अहिले त राजा छैनन् तर भएका भए उनले पनि बढुवा मागेर हुन्थ्यो र ? सम्मान र श्रेणी एउटै कुरा होइनन् । बेलाबेला कति शिक्षकले केके पुरस्कार पाउनुभयो होला; त्यसले त्यो पाउनेको जीवनमा के थप मान ल्याएको छ, जति भक्तपुरका हाडा सरले ल्याउनुभयो ? यस पटक कुरा चपाउँदाचपाउँदै पालिकाहरू अन्तर्गत रहन अस्वीकार गरेको स्पष्ट पारियो । त्यो सायद एउटा महत्त्वपूर्ण उपलब्धि थियो । यसले कुरा एक तहमा छिनोफानोतर्फ बढाएको छ । काठमाडौं नगरप्रमुखजति दृढ र स्पष्ट नभए पनि एकल वा सामूहिक रूपमा पालिका पदाधिकारीहरू अघि बढे यसले एउटा निकास पाउँछ । ठेक्कापट्टा र दलका नेताको ताबेदारीमा आफ्नो काम-कर्तव्य र त्यसको महत्ता ख्याल राख्न नभ्याएका पालिकाका पदाधिकारीहरूलाई यसले बिउँझाउँछ कि ? संविधानको अनुसूची ८ अन्तर्गतको विद्यालय शिक्षामा पालिकाको अधिकारको सवाल शिक्षक वर्गसँग एक तहमा तह लागे पनि कर्मचारीसँग तह लागेको छैन । शिक्षा कार्यालयको भूतले बेलाबेला शरीर लिएर तर्साउन छाडेको छैन । पालिका पदाधिकारीले पनि दलहरूका एकाइका रूपमा भन्दा स्वतन्त्र अस्तित्व रहेका स्थानीय सरकारका रूपमा आफूलाई कति महसुस गर्छन्, आउने दिनले देखाउनेछ ।

अहिले त ‘सब का मालिक एक’ अर्थात् राजनीतिक दलहरू नै देखिन्छन् । मानसम्मान खोज्ने हो भने शिक्षक या पालिकावालाहरूले आफ्नो स्वतन्त्र पहिचान राख्नु त्यसको पूर्वसर्त हो । **अरू नोक्सानी** यसबाट मात्र थाहा लागेको त होइन तर यतिको जनप्रदर्शन गर्न सक्ने शिक्षक वर्ग निजी विद्यालय मुनाफारहित मोडमा लैजानुपर्छ भन्दा चुइँक्क नबोल्नुले उहाँहरूको सार्वजनिक शिक्षाप्रति वास्ता रहेनछ भन्ने प्रमाणित गरायो । यद्यपि आउने दिनमा उहाँहरूको रवैया कस्तो रहन्छ, त्यसले थप कुरा भन्ला । बिरुवा ध्वस्त भएका विषयमा उहाँहरूले बाध्यता प्रकट गरेर खेद व्यक्त गर्नुभन्दा प्रतिरक्षा गर्ने वा नजरअन्दाज गर्न खोज्ने प्रक्रियाले उहाँहरूको सुझबुझ र सम्मानप्रति ठूलो आँच आएको छ ।

हुन त राजनीतिमा संलग्नता र नेतासँगको उठबसले उहाँहरूको छाला बाक्लो भएको होला तर जनसाधारणलाई भने देशको शिक्षाका अगाडि बिरुवा केही महत्त्वका होइनन् भन्नेजस्ता बयानहरू ग्राह्य भएको छैन । यथार्थमा यो शिक्षकको सुझबुझ र नैतिकता अनि विनम्रताको ठूलो परीक्षा थियो । **तर कोही किन शिक्षक होस् !** माथिका यी सब कुरा गरे पनि एउटा कटुसत्यबाट समाज पन्छिन सक्दैन । शिक्षण वास्तवमा निकै गाह्रो काम हो ।

उहाँहरूले यो कुरा भन्न र देखाउन सक्नुभएको छैन । यो निजी विद्यालयमा पनि लागू नहुने कुरो भएन । शिक्षणको अरू पेसा र व्यवसायसँग प्रतिस्पर्धा छ तर यो पेसा अरूभन्दा कसरी फरक छ भने, यसले शारीरिक र मानसिक तन्दुरुस्ती दुवैको माग गर्दछ । अहिलेसम्म प्रतिस्पर्धा कम रहेको र प्रतिस्पर्धा नाघेर हुनुभएका शिक्षकहरूको बाहुल्य छ तर आगामी दिनमा प्रतिस्पर्धी उम्मेदवार शिक्षक बन्न आउन गाह्रो छ । प्राध्यापकको कुरा पनि उही हो । डाक्टर, इन्जिनियर, हाकिम, वैज्ञानिक जेजे होऊन्, तीभन्दा यो पेसालाई प्रतिस्पर्धी बनाउने हो भने नाम र दाम दुवै भएको प्याकेज चाहिन्छ । यो पेसा मन परेर आएको व्यक्ति मात्र यसमा टिक्न सक्छ र छनोट प्रणाली यस्ता व्यक्ति छान्न सक्ने हुनुपर्छ । अहिले विद्यार्थी पहिलेको जस्तो लट्ठी लगाएर पढ्नेवाला छैन । शिक्षकले विषय जानेर पुग्दैन । विधिसहित विषय जान्नुपर्छ । उत्प्रेरणासहित जान्नुपर्छ । विषय र उसको व्यक्तित्व एक हुनुपर्छ । अनि मात्र शिक्षण हुन सक्छ । विषयवस्तु मात्र जान्नलाई त अब गुगल गुरुका अगाडि शिक्षक पनि चाहिन्नजस्तो भएको छ । प्रस्तुत शिक्षा विधेयकमा शिक्षकको योग्यता स्नातक बनाएको तर सो अनुसार सुविधा नभएको कुरा पनि छ । विधेयकमा भएका थोरै असल पक्षमध्ये यो एउटा हो ।

***सांभारः कान्तिपुर ।***





## कम्प्यूटर टाईप-प्रिन्ट



सस्तो, शुलभ, उत्कृष्ट विश्वसनीय एवं भरपर्दो पत्र, पत्रिका, बुलेटिनहरु कम्प्यूटर टाईपिंग & सेटिंग तथा कम्प्यूटर टाईप-प्रिन्ट, फोटोकापी, स्केनिंग, लेमिनेशन सम्बन्धी सम्पूर्ण कामकाज गराउनका लागी सम्झनुहोस ।

–: दिलीप कुमार साह :–

सम्पर्क नं.-९८४४०५१४८७, ९८१७६२०२०२ (जनकपुरधाम, माछा बजार)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला





**कौडेना गाउँपालिकाको कार्यालय, सर्लाही**

विगत केही दिनदेखी समुदायमा व्यापक रुपमा आँखा पाक्ने रोग फैलिइरहेकोले उक्त रोगबाट बच्न र बचाउनका लागि निम्न उपायहरु अपनाउन हुन सम्बन्धित सबैमा अनुरोध छ ।

### आँखा पाक्ने रोगका प्रमुख लक्षणहरु :

- एक्कासी एउटा अथवा दुवै आँखा रातो हुने ।
- आँखा धेरै चिलाउने ।
- आँखामा कचेरा लाग्ने तथा टाँसिने ।
- आँखाबाट आँसु बगिरहने ।
- आँखा सुन्निने, दुख्ने/बिझाउने ।



### आँखा पाक्ने रोगबाट बच्ने उपायहरु :

- जथाभावी रुपमा आँखा नछुने/आँखा छुनुभन्दा पहिले राम्ररी साबुन पानीले हात सफा गर्ने ।
- सफा पानीले आँखा सफा गर्ने ।
- अरुले प्रयोग गरेका तौलिया/रुमाल प्रयोग नगर्ने ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

### आाखा पाक्ने रोग लागिहालेमा के गर्ने :

- पटक-पटक सफा चिसो पानीले आँखा सफा गर्ने ।
- आँखा छोइसकेपछी हरेक पटक साबुन पानीले हात सफा गर्ने ।
- आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टाछुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा छुन नदिने ।
- कालो चस्माको प्रयोग गर्ने ।
- आफुले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने ।
- जथाभावी रुपमा आँखामा औषधिको प्रयोग नगर्ने ।

सामान्यतया यो रोग १ हप्ताभित्र आफै निको भएर जान्छ तर समस्या बढ्दै गएमा तुरुन्त स्वास्थ्य संस्थाहरुमा गई स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्दछ ।

**बसबरिया गाउँपालिकाको कार्यालय, सर्लाही**

# चोरीको मोटरसाइकल सहित प्रहरीद्वारा चोरलाई घरबाटै नियन्त्रणमा

जलेश्वरटुडे समाचारदाता
सर्लाही, १९ असोज



सर्लाहीमा चोरी भएको मोटरसाइकल सहित प्रहरीले चोरलाई घरबाटै नियन्त्रणमा लिएको छ । बुधबार साँझ लालबन्दी नगरपालिका-१७ रानीगन्जबाट प्रदेश-३-०२-०१२प ५८३१ नम्बरको यमहाको एफजेड मोटरसाइकल चोरी भएकोमा प्रहरीले खोजतलास गर्ने क्रममा ईश्वरपुर नगरपालिका-१३ स्थित १२ नम्बर टोलका २८ वर्षीय रामकरण महतोलाई नियन्त्रणमा लिएको छ ।

महतोको घरबाट चोरिएको एफजेड मोटरसाइकल सहित अन्य मोटरसाइकलबाट निकालिएका नम्बर प्लेट, ट्यांकीसहित विभिन्न पार्टपूर्जा समेत बरामद भएको प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए ।

उनका अनुसार घरबाट चोरिएको मोटरसाइकल बरामद भएपछि प्रहरीले शंका लागेर घरभित्र जाँच गर्दा महतो बाहिरबाट लक गरिएको दराजभित्र लुकेर बसेका थिए । विभिन्न मोटरसाइकलको नम्बर प्लेट, ट्यांकी लगायतका पार्टपूर्जा बरामद भएपछि महतो मोटरसाइकल चोरीको गिरोहमा सक्रिय रहेको प्रहरीको आशंका छ । चोरी आरोपमा पक्राउ परेका महतोको बारेमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday